# स्वयंसेवक प्रशिक्षक परिचालन कार्यविधि, २०८२

बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
प्रदेश खेलकुद विकास परिषद्
बागमती प्रदेश, हेटौंडा, नेपाल

# स्वयंसेवक प्रशिक्षक परिचालन कार्यविधि, २०८२

प्रस्तावनाः

प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत "स्वयम् सेवक प्रशिक्षकहरुका लागि मासिक निर्वाह भत्ता" शिर्षकमा विनियोजित बजेट व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन, २०८२ को दफा (११) को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ।

परिच्छेद -१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "स्वयंसेवक प्रशिक्षक परिचालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यकारी समिति" भन्नाले स्वयंसेवक सेवाको कार्यक्रम सञ्चालन, कार्यान्वयन र नियमन सम्बन्धी निर्णयहरु गर्न दफा ६ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले स्वयंसेवक प्रशिक्षक परिचालन कार्यविधि, २०८२ सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(घ) "प्राविधिक सहयोग" भन्नाले स्वयंसेवक प्रशिक्षकबाट प्रदान गरिने सेवा सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले खेलकुद हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति सम्झनु पर्छ।

(छ) "स्वयंसेवक प्रशिक्षक " भन्नाले स्वतस्फूर्त रुपमा सुविधा लिई वा नलिई स्वयंसेवी क्रियाकलापमा संलग्न हुने व्यक्ति सम्झनु पर्छ र सो शब्दले यस कार्यविधि अनुरुप विभिन्न खेलमा लामो समय देखि खेल्ने र खेलाउने कार्य गर्दै आएका खेल प्रशिक्षक समेतलाई जनाउनेछ।

(ज) "निर्देशक समिति" भन्नाले स्वयंसेवक सेवाको कार्यक्रम सञ्चालनका लागि नीतिगत मार्गदर्शन गर्न दफा ५ बमोजिम गठित समिति सम्झनु पर्छ।

(झ) "परिषद्" भन्नाले प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेश सम्झनु पर्छ।

(ञ) "सचिव" भन्नाले प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशको प्रशासन शाखामा काम गर्ने कर्मचारी सम्झनु पर्छ।

(ट) "सदस्य सचिव" भन्नाले प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेश सदस्य सचिव सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले जिल्ला खेलकुद विकास समिति र प्रदेश खेलकुद विकास परिषद्ले गठन गरेका अन्य समिति समेत सम्झनु पर्छ।

बलराम ढकाल
प्रदेश सचिव

माननीय उर्मिला नेपाल
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय
बागमती प्रदेश

## परिच्छेद -२

### स्वयंसेवक प्रशिक्षक परिचालनको उद्देश्य तथा क्षेत्र

३. **स्वयंसेवक प्रशिक्षक परिचालनका उद्देश्य र आधार** :-

(१) स्वयंसेवक प्रशिक्षक सेवा अन्तर्गत प्रदेश खेलकुद विकास परिषद् र जिल्ला खेलकुद विकास समितिले संचालन गर्ने विभिन्न किसिमका खेलकुदको प्रशिक्षण लिन चाहने व्यक्तिलाई स्वयंसेवक प्रशिक्षकबाट प्रशिक्षक गराई खेलकुदलाई समुदायस्तरमा खेलको महत्व, खेलको ब्यवसायिकता र खेलाडीमा अनुशासन अभिवृद्धि गर्ने कार्य स्वयंसेवक प्रशिक्षक परिचालन कार्यविधिको मुख्य उद्देश्य हुनेछ।

(२) यस कार्यविधि बमोजिम नियुक्ति हुने स्वयंसेवक प्रशिक्षकले प्रदेश खेलकुद विकास परिषद् तथा अन्तर्गतका खेलकुद विकास समिति र अन्य समितिमा संचालन हुने खेलकुद सम्बन्धी तालिम, गोष्ठी र सेमिनार खेलकुद प्रशिक्षणका कार्यक्रममा परिषद्ले खटाएका जुनसुकै जिल्लामा खटिई आफ्नो दक्षता तथा क्षमताको प्रदर्शन गरी खेलकुदको विकास र विस्तारमा टेवा पुऱ्याउनु स्वयंसेवक प्रशिक्षकको विषय क्षेत्र हुनेछ।

४. **स्वयंसेवक प्रशिक्षक परिचालन गर्ने निकायको जिम्मेवारी:** स्वयंसेवक प्रशिक्षक परिचालन गर्ने निकायहरुले देहाय बमोजिमको जिम्मेवारी बहन गर्नुपर्नेछः-

(क) खटिई आएका स्वयंसेवक प्रशिक्षकलाई तत्काल जिम्मेवारी दिई काममा लगाउने,

(ख) स्वयंसेवक प्रशिक्षकको कार्य सम्पादनको मूल्याङ्कन र सुपरिवेक्षण गर्ने,

(ग) स्वयंसेवक प्रशिक्षकले पाउने तोकिए बमोजिमका सेवा सुविधाहरु उपलब्ध गराउने,

(घ) खटिई आएका स्वयंसेवक प्रशिक्षकलाई उपलब्ध अवसरहरुका आधारमा क्षमता तथा व्यक्तित्व विकासमा सहभागी गराउने,

(ङ) स्वयंसेवक प्रशिक्षकका पिरमर्का/ गुनासो सुनुवाई गर्ने,

(च) स्वयंसेवक प्रशिक्षक परिचालन गर्ने निकायले चौमासिक रूपमा खेलकुद हेर्ने मन्त्रालयमा प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

## परिच्छेद -३

### संस्थागत व्यवस्था

५. **निर्देशक समितिको गठन** : (१) स्वयंसेवक सेवाको कार्यक्रम सञ्चालनका लागि नीतिगत मार्गदर्शन गर्न देहाय बमोजिमको कार्यकारी समिति रहने छ :-

| | | |
|---|---|---|
| (क) | माननीय मन्त्री, खेलकुद हेर्ने मन्त्रालय | -अध्यक्ष |
| (ख) | सचिव, युवा तथा खेलुकद मन्त्रालय | -सदस्य |
| (ग) | महाशाखा प्रमुख, खेलकुद हेर्ने मन्त्रालय | -सदस्य |
| (घ) | सदस्य-सचिव, प्रदेश खेलकुद विकास परिषद् | -सदस्य-सचिव |

(२) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार विभिन्न मन्त्रालय तथा निकायका प्रतिनिधि र विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले समितिको बैठक बोलाउने छ।

(४) समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिको बैठकको सेवा सुविधा प्रदेशको नियमानुसार हुनेछ।

बलराम ढकाल
प्रदेश सचिव

माननीय उर्मिला नेपाल
मन्त्री
... तथा खेलकुद मन्त्रालय
... प्रदेश

६. <u>कार्यकारी समितिको गठन</u> : (१) स्वयंसेवक सेवाको कार्यक्रम सञ्चालनमा व्यवस्थापकीय निर्देशन एवम् निर्णय गर्न देहाय बमोजिमको कार्यकारी समिति रहनेछ :-

(क) सदस्य सचिव, प्रदेश खेलकुद विकास परिषद् -संयोजक

(ख) कार्यालय प्रमुख, प्रदेश खेलकुद विकास परिषद् -सदस्य

(ग) प्रशासन शाखा प्रमुख, परिषद् -सचिव

(२) कार्यकारी समितिको बैठकको सञ्चालन र व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

(क) संयोजकको निर्देशनमा सचिवले समितिको बैठक बोलाउनेछ।

(ख) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(ग) कार्यकारी समितिले बैठक सम्बन्धी अन्य कार्यविधि आफैं तय गर्नेछ।

७. <u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकार</u> : (१) दफा ६ बमोजिम गठित कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्लाई आवश्यकता अनुसार स्वयंसेवक प्रशिक्षक मागको १५ (पन्ध्र) दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्ने,

(ख) निवेदन प्राप्त भएपछि तोकिएको योग्यता तथा अनुभवलाई आधारमानी स्वयंसेवक प्रशिक्षकको नियुक्तिको लागि तयार गरिएको सूची प्रकाशन गर्ने,

(ग) निर्देशक समितिबाट निर्धारित स्वयंसेवक प्रशिक्षकको कोटा तथा खेलको स्वयम् सेवक प्रशिक्षक छनौट तथा नियुक्ति सम्बन्धी कार्य गर्ने,

(घ) छनौट भएका स्वयंसेवक प्रशिक्षकलाई आवश्यकता अनुसार जुनसुकै ठाउँमा प्रशिक्षण तथा खेलकुद गतिविधि सञ्चालन गर्न खटाउने,

(ङ) स्वयंसेवक प्रशिक्षकको म्याद थप सम्बन्धी निर्णय गर्ने,

(च) निर्देशक समितिले तोके बमोजिमको स्वयंसेवक प्रशिक्षकसम्बन्धी अन्य कार्य गर्ने आदि।

## परिच्छेद -४

## <u>स्वयंसेवक प्रशिक्षकको छनौट तथा नियुक्तिको व्यवस्था</u>

८. <u>स्वयंसेवक प्रशिक्षकको व्यवस्थापन</u> : (१) यस कार्यविधि बमोजिम परिषद्मा स्वयंसेवक प्रशिक्षक कार्यक्रममा विनियोजित बजेटको परिधिभित्र रही परिषद्ले आगामी राष्ट्रिय खेलकुद, प्रदेश खेलकुदका खेलाडी प्रशिक्षण गराउन आवश्यक जनशक्तिको व्यवस्थापन तोकिएको योग्यता र अनुभव बमोजिम नियुक्ति प्रक्रिया मार्फत गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेशको पद संख्या तथा खेल निर्धारण गर्दा निर्देशक समितिले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको परिधिभित्र रही गर्नेछ।

९. <u>आवेदकको सूचीकरण</u> : (१) स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवकको रुपमा काम गर्न इच्छुक व्यक्तिलाई सम्बन्धित पदको लागि प्रमाणित योग्यता सहित सूचीकृत गरिने छ। सामान्यतया सूचीकरण प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) सूचीकरणका लागि समय-समयमा परिषद्को वेवसाइटको साथै सार्वजनिक सूचना मार्फत् जानकारी गराइनेछ,

बलराम ढकाल
प्रदेश सचिव

मन्त्री
खेलकुद मन्त्रालय
बागमती प्रदेश

(ख) आवेदकले सूचीकरणका लागि आवेदन दिनुपर्नेछ,

(ग) एक पटक सूचीकृत भइसकेपछि दुई वर्षसम्म आवेदनको वैधता रहनेछ,

(घ) प्राप्त आवेदन छानविन/रुजु गरी सो उपर स्वीकृति/अस्वीकृतिको निर्णय हुनेछ,

(ङ) स्वीकृत आवेदनको विषयक्षेत्रगत तथा योग्यतागत विवरण तयार गरिनेछ,

(ज) जिल्लागत सूची तयार गर्दा नागरिकताको ठेगानालाई आधार मानिनेछ,

(झ) बसाइसराई र वैवाहिक सम्बन्धको आधारमा ठेगाना यकिन गर्दा पछिल्लो ठेगानालाई आधार लिइनेछ।

१०. <u>स्वयंसेवक प्रशिक्षक हुने योग्यता:</u> (१) स्वयंसेवक प्रशिक्षक सेवा अन्तर्गत परिचालन गरिने स्वयंसेवक प्रशिक्षक को योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक भएको,

(ख) प्रशिक्षकको तालिम प्राप्त गरेको प्रमाणपत्र तथा अनुमतिपत्र

(ग) सम्बन्धित खेलको दक्षता, अनुभव हासिल गरेको हुनपर्ने।

११. <u>स्वयंसेवक प्रशिक्षक छनौटको आधार:</u> (१) स्वयंसेवक प्रशिक्षक सेवा अन्तर्गत परिचालन गरिने स्वयंसेवक प्रशिक्षकहरुको छनौटको आधार देहाय बमोजिम हुनेछः-

(क) शैक्षिक योग्यता ५ अंङ्क

- कक्षा ८ वा सो भन्दा मुनी – १ अंङ्क
- कक्षा १० वा सो सरह – २ अंङ्क
- कक्षा १२ वा सो सरह – ३ अंङ्क
- स्नातक तह वा सो सरह – ४ अंङ्क
- स्नाकोत्तर वा सो भन्दा माथि – ५ अंङ्क

(ख) तालिमः सम्बन्धित खेलको तालिम लिएको प्रमाणपत्रको आधारमा निम्नानुसार १० अंङ्क प्रदान गरिनेछः

- एक हप्ता वा सो भन्दा कम -२ अंङ्क
- एक महिने तालिम वापत – ५ अंङ्क
- तीन महिने तालिम वापत – ८ अंङ्क
- तीन महिना भन्दा बढि अवधिको तालिम वापत- १० अंङ्क

(ग) अनुभवः- अनुभव वापत प्रतिवर्ष ४ अंङ्कका दरले बढीमा २० अंङ्क

(घ) पदक विजेताः १० अंङ्क

राष्ट्रिय प्रतियोगिताः

- कास्य – २ अंङ्क
- रजत – ३ अंङ्क
- स्वर्ण – ५ अंङ्क

अन्तराष्ट्रिय प्रतियोगिताः

- कास्य – ५ अंङ्क
- रजत – ७ अंङ्क

बलराम ढकाल
प्रदेश सचिव

सामाजिक विकास मन्त्रालय
युवा तथा खेलकुद मन्त्रालय
बागमती प्रदेश

• स्वर्ण – १० अंङ्क

(ङ) शारीरिक तन्दुरुस्ती परीक्षण -बढीमा २० अंङ्क

(च) अन्तर्वार्ता वापत – ३५ अंङ्क ( ४० प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अंक प्रदान गर्नुपरेमा कारण खुलाउनु पर्नेछ। )

(२) अन्तर्वार्ता समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) कार्यालय प्रमुख, प्रदेश खेलकुद विकास परिषद् - संयोजक

(ख) परिषद्को कार्यालयबाट मनोनित सम्बन्धित खेलक्षेत्रको विज्ञ - सदस्य

(ग) मन्त्रालयको अधिकृत प्रतिनिधि - सदस्य

(३) शारीरिक तन्दुरुस्ती परीक्षणको लागि आवश्यकता अनुसार कार्यकारी समितिले शारीरिक तन्दुरुस्ती परीक्षण समिति गठन गर्न सकिनेछ।

(४) शारीरिक तन्दुरुस्ती परीक्षण र अन्तर्वार्ताका लागि आवश्यकता अनुसार संक्षिप्त सूची प्रकाशन गर्न सकिनेछ।

(५) अन्तर्वार्ता समितिले स्वयंसेवक प्रशिक्षक नियुक्तिका लागि कार्यकारी समिति समक्ष सिफारिस गर्नेछ।

१२. <u>स्वयंसेवक प्रशिक्षकको नियुक्ति</u> : (१) स्वयंसेवक प्रशिक्षक सेवा अन्तर्गत परिचालन हुने स्वयंसेवक प्रशिक्षकको नियुक्ति प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) कार्यकारी समितिले आवश्यकता अनुसार स्वयंसेवक प्रशिक्षकको नियुक्तिको निर्णय गर्नेछ।

(ख) नियुक्त भएका स्वयंसेवक प्रशिक्षकलाई परिषद्ले प्रदेशभित्र जुनसुकै ठाउँमा खटाउनेछ।

(ग) नियुक्तिपत्र दिँदा सामान्य अभिमुखीकरण कार्यक्रम गरी दिइनेछ।

(घ) सम्वन्धित निकायलाई नियुक्तिपत्रको बोधार्थ र छुट्टै सूचना दिइनेछ।

(ङ) जिल्लाको स्वयंसेवक संयोजकलाई परिचालन सम्वन्धमा छुट्टै सूचना दिइनेछ।

(च) नियुक्तिका मितिले १५ दिनभित्र नियुक्तिपत्र नबुझे स्वतः रद्द हुनेछ र सो स्थानमा वैकल्पिक उम्मेदवार नियुक्त गरिनेछ।

(छ) एक आ.व. पूरा गरिसकेका स्वयंसेवक प्रशिक्षकलाई पुन अर्को आ.व. का लागि नविकरण गर्दा दफा ६ बमोजिमको कार्यकारी समितिमार्फत कार्यमुल्याङ्कनको स्पष्ट आधार र बस्तुगत मापदण्ड बनाई सो को आधारमा मात्र नविरण गर्न सकिने छ।

(ज) कार्यावधि पूरा नभई एवम् जानकारी नगराई सेवा छाडी जानेलाई छाड्नुपर्ने पर्याप्त र मनासिव कारण बाहेकको अवस्थामा बाँकी अवधिको लागि पुनः नियुक्त गरिने छैन।

(झ) नियुक्त भई न्यूनतम ६ महिना काम गरे पश्चात् मात्र अनुभवको प्रमाणपत्र दिइनेछ।

१३. <u>स्वयंसेवकको अवकाश</u>: (१) कार्यकारी समितिले स्वयंसेवक प्रशिक्षकलाई देहाय बमोजिमको अवस्थामा अवकाश दिन सक्नेछ :-

(क) चालु आ.व. पूरा भएमा,

(ख) खटाएको कार्यस्थलमा सूचना नदिई लगातार १५ दिनसम्म अनुपस्थित भएमा,

(ग) सन्तोषजनक रुपमा कार्यसम्पादन नगरेमा,

(घ) दफा १७ विपरित खराब आचरण प्रदर्शन गरेमा,

बलराम ढकाल

(ङ) खटिएको कार्यालयले कारण खुलाई अवकाश दिने सिफारिस गरेमा र उक्त सिफारिस कार्यकारी समितिले उपयुक्त ठहऱ्याएमा,

(च) अनुसूची-२ बमोजिमका कार्यशर्तहरु सम्बन्धित कार्यशर्त गर्ने व्यक्तिले पूरा नगरेमा।

(२) उपदफा (१) को खण्ड (क) बाहेकको अवस्थाको कारणले अवकाश पाएमा निज उक्त सेवाको लागि पुनः नियुक्ति गरिने छैन।

## परिच्छेद -५

## सेवा, शर्त र सुविधा

१४. स्वयंसेवक प्रशिक्षकको सेवा शर्त :(१) स्वयंसेवक प्रशिक्षकको अधिकतम सेवा अवधि एक आ.व. को हुनेछ।

(२) बजेट विनियोजन भएको अवस्थामा परिषद्ले कार्य प्रकृतिका आधारमा आवश्यकता अनुसार उपदफा(१) बमोजिमको अवधिमा नबढ्ने गरी पुन: नियुक्ति गर्न वा म्याद थप गर्न सक्नेछ।

१५. स्वयंसेवक प्रशिक्षकलाई दिइने सुविधा : (१) स्वयंसेवक प्रशिक्षकलाई अनुसूची -१ बमोजिमको मासिक निर्वाह भत्ता तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ।

(२) स्वयंसेवक प्रशिक्षकले पालन गर्नुपर्ने कार्यशर्तहरु अनुसूची -२ बमोजिम हुनेछ।

(३) यो कार्यविधि बमोजिम नियुक्त स्वयंसेवक प्रशिक्षकको मासिक निर्वाह भत्ता लगायतको सुविधा प्रदेश खेलकुद विकास परिषद् मार्फत पठाइनेछ।

(४) स्वयंसेवक प्रशिक्षकले आफूले गरेको कामको मासिक प्रतिवेदन खटिएको कार्यालयलाई बुझाएपछि मात्र खटिएको संस्था/कार्यालयले मासिक निर्वाह भत्ता उपलब्ध गराउनु पर्नेछ।

१६. स्वयंसेवक प्रशिक्षकको लागि विदाको व्यवस्था : (१) स्वयंसेवक प्रशिक्षकलाई देहाय बमोजिमका विदाहरुको सुविधा रहनेछ :-

(क) घर विदा : रुजु हाजिरीको आधारमा १२ दिन काम गरेपछि १ दिन घर विदा,

(ख) बिरामी विदा : रुजु हाजिरीको आधारमा प्रत्येक महिनामा १ दिन बिरामी विदा,

(ग) किरिया विदा : आफ्नो रीति र परम्परा अनुसार बढीमा १५ दिन किरिया विदा,

(घ) प्रसुति विदा : सुत्केरी हुनु अघि र पछि गरी महिला स्वयंसेवक प्रशिक्षकको हकमा ९८ दिन प्रसुति विदा पाउने छ।

(२) विदाको स्वीकृत : स्वयंसेवक प्रशिक्षकको विदाको स्वीकृत कार्यकारी समितिका संयोजक वा सम्बन्धित कार्यालयको प्रमुखबाट हुनेछ।

(३) स्वयंसेवक प्रशिक्षकले घर विदा र विरामी विदा संचित गरे वापत कुनै थप सुविधा पाउने छैन।

(४) एक आर्थिक वर्षभित्र पाउने विदा सोही आर्थिक वर्षभित्रमा उपभोग गरिसक्नु पर्नेछ।

## परिच्छेद- ६

## विविध

१७. स्वयंसेवक प्रशिक्षकको आचरण : स्वयंसेवक प्रशिक्षक सेवा अन्तर्गत परिचालित स्वयंसेवक प्रशिक्षकहरुको कार्य एवं जिम्मेवारीलाई मर्यादित एवं परिणाममुखी बनाउने उद्देश्यले स्वयंसेवक प्रशिक्षकले अनिवार्य रुपमा पालना गर्नुपर्ने आचरण देहाय बमोजिम रहनेछन् :-

(क) खेलाडी प्रति समान र सम्मानजनक व्यवहार गर्ने,

(ख) समय पालन र नियमितता,

(ग) इमान्दर, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अवलम्बन गर्नुपर्ने,

(घ) सार्वजनिक र अन्य निकायहरुको काम कारवाहीमा हस्तक्षेप गर्न नहुने,

(ङ) सामाजिक सद्भाव र शान्ति व्यवस्थामा खलल् पुर्याउने काम गर्न नहुने,

(च) दलगत आस्था र सम्बद्धता राख्न नहुने,

(ङ) प्रदेश सरकारको विद्यमान नीतिको प्रतिकूल हुनेगरी व्यवहार नगर्ने,

(च) खेल अनुशासनको पालना गर्ने,

(छ) समय अनुसार परिस्कृत हुने रिफ्रेसर कोर्समा सहभागी हुन पर्ने।

१८. <u>निःशुल्क स्वयंसेवक प्रशिक्षक सेवा</u> : स्वयंसेवक प्रशिक्षण सेवा निःशुल्क गर्न चाहने व्यक्ति वा संघ-संस्थाबाट आशयपत्र लिई परिषद्ले खटाउन सक्नेछ।

१९. <u>विशेष परिस्थितिमा स्वयंसेवक प्रशिक्षकको परिचालन</u> : (१) कुनै सरकारी निकायबाट विशेष परिस्थितिमा छोटो अवधिका लागि स्वयंसेवक प्रशिक्षकको माग भई आएमा कार्यकारी समितिले रोष्टरमा रहेका सम्बन्धित विषयका प्रशिक्षक मध्येबाट बढीमा तीन महिनासम्मका लागि स्वयंसेवक प्रशिक्षक नियुक्त गरी काममा लगाउन सक्नेछ।

(२) उपदफा(१) बमोजिमको परिस्थितिमा स्वीकृत वार्षिक बजेटभित्र रही निर्देशक समितिको स्वीकृतिमा कुल कार्यक्रममा थप व्ययभार नपर्ने गरी कार्यकारी समितिले स्वयंसेवक नियुक्त गर्न सक्नेछ।

२०. <u>अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था</u> : (१) स्वयंसेवक प्रशिक्षक परिचालक निकाय तथा स्वयंसेवक प्रशिक्षकको अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) स्वयंसेवक प्रशिक्षकले गरेको कार्यहरुको अनुगमन स्वयंसेवक प्रशिक्षक परिचालन गर्ने निकायबाट गरिनेछ।

(ख) सम्बन्धित निकायबाट स्वयंसेवक प्रशिक्षकले गरेका कार्यको अनुगमन भए/नभएको विषयमा परिषद्बाट आवश्यकता अनुरुप स्वयं वा तेस्रो पक्ष संलग्न गराई स्थलगत अनुगमन गर्नेछ।

(ग) स्वयंसेवक प्रशिक्षक परिचालन गर्ने निकायबाट चौमासिक रुपमा अनुगमन प्रतिवेदन परिषद्मा पठाउनु पर्नेछ।

(घ) देश विकासमा स्वयंसेवक प्रशिक्षक सेवा अन्तर्गत परिचालित स्वयंसेवक प्रशिक्षकले पेश गरेको प्रतिवेदनको आधारमा प्रत्येक आर्थिक वर्षमा कार्यकारी समितिले परिषद्मा पेश गर्नु पर्नेछ।

२१.प्रचलित कानुन बमोजिम हुनेः (१) यस कार्यविधिमा उल्लेखित विषय यस कार्यविधि बमोजिम हुने र अन्य विषय नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वीकृत प्रचलित कानुन बोमोजिम हुनेछ।

(२) यस कार्यविधिमा उल्लेखित प्रावधान प्रचलित कानूनसँग बाझिएको हदसम्म प्रचलित कानून बमोजिम र अन्य प्रावधानको हकमा यस कार्यविधि बमोजिम हुनेछ।

२२. <u>बाधा अड्काउ फुकाउनेः</u> यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

२३. <u>कार्यविधिमा संशोधनः</u> यस कार्यविधिको कुनै दफा वा उपदफामा संशोधनको आवश्यकता परी संशोधन गर्न परेमा आर्थिक दायित्व पर्ने विषय भए आर्थिक मामिला तथा योजना मन्त्रालयको राय सहमति लिइ र अन्य विषयमा परिषद्को सिफारिसमा मन्त्रालयले गर्नेछ।

बलराम ढकाल
प्रदेश सचिव

माननीय ... मन्त्री
युवा तथा खेलकुद मन्त्रालय
बागमती प्रदेश

## अनुसूची - १

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

**स्वयंसेवक प्रशिक्षकको निर्वाह भत्ता**

| क्र.स. | स्वयंसेवक प्रशिक्षकको योग्यता | जिल्लाको बर्गिकरण | | |
|---|---|---|---|---|
| | | 'घ' बर्ग | 'ङ' बर्ग | 'च' बर्ग |
| १. | अन्तर्राष्ट्रिय प्राविधिक प्रशिक्षक/२० वर्ष भन्दा माथि अनुभव भएका प्राविधिक प्रशिक्षक | २३,०००/- | २२,४००/- | २१,८००/- |
| २. | राष्ट्रिय प्राविधिक प्रशिक्षक/१५ वर्ष भन्दा माथि अनुभव भएका प्राविधिक प्रशिक्षक | २२,४००/- | २१,८००/- | २१,२००/- |
| ३. | १० वर्ष भन्दा माथि अनुभव भएका प्राविधिक प्रशिक्षक | २१,८००/- | २१,२००/- | २०,६००/- |
| ४. | ५ वर्ष भन्दा माथि अनुभव भएका प्राविधिक प्रशिक्षक | २०,६००/- | २०,०००/- | १९,४००/- |
| ५. | ५ वर्ष भन्दा कम अनुभव भएका प्राविधिक प्रशिक्षक | १८,२००/- | १७,६००/- | १७,०००/- |

जिल्लाको वर्गीकरण

'घ' वर्गमा पर्ने जिल्लाहरु

१. रसुवा

'ङ' वर्गमा पर्ने जिल्लाहरु

१. रामेछाप
२. दोलखा
३. सिन्धुपाल्चोक
४. काभ्रेपलान्चोक
५. धादिङ
६. सिन्धुली
७. नुवाकोट

'च' वर्गमा पर्ने जिल्लाहरु

१. मकवानपुर
२. चितवन
३. काठमाडौ
४. ललितपुर
५. भक्तपुर

द्रष्टव्य: उल्लेखित जिल्लाको वर्गीकरण राष्ट्रिय विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७४ अनुसार गरिएको हो।

बलराम ढकाल
प्रदेश सचिव

माननीय उर्मिला नेपाल
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय
बागमती प्रदेश

अनुसूची -२

(दफा १५ को उपदफा (२) सँग सम्बन्धित)

**खेलकुद स्वयंसेवक प्रशिक्षकको कार्यशर्तः**

क) सम्बन्धित खेलको अन्तर्राष्ट्रिय महासंघको नियमानुसार खेल प्रशिक्षण गराउनु पर्नेछ।

ख) खेलाडीलाई ग्रेडिङ लगायतको परीक्षा तथा तालिमको शुल्क निर्धारण गर्दा परिषद्को स्वीकृति लिनु पर्नेछ।

ग) खेल जाँगरण पैदा गर्ने मुख्य भूमिका स्वयंसेवक प्रशिक्षकको हुनेछ।

घ) देश तथा समाजमा आइपर्ने प्राकृतिक विपत्तिहरुमा स्वयंसेवक प्रशिक्षक आफै र मातहतका खेलाडी परिचालन स्वस्फूर्त गर्नुपर्ने छ।

ङ) खेल अनुसारको पोशाक अनिवार्य प्रयोग गर्नु गराउनु पर्नेछ।

च) राज्यको प्रचलित कानुनको अधिनमा रही खेल गतिविधि संचालन गर्नु पर्नेछ।

छ) प्रशिक्षणका गतिविधि तस्बिर सहितको मासिक प्रतिवेदन जिल्ला खेलकुद विकास समिति मार्फत परिषद्मा पठाउनु पर्ने।

बलराम ढकाल
प्रदेश सचिव

माननीय उर्मिला नेपाल
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय
बागमती प्रदेश